# श्री केदार आधारभूत विद्यालय

बुङ्गल नगरपालिका-५ ... बझाङ

पत्र संख्याः- ०८३/०८४

मितिः-२०८३।४।२७

च.नं. २८.

श्री सम्बन्धित सबै।

विषयः शिक्षक सरुवा लागि दरखास्त आह्वान सम्बन्धमा ।

प्रस्तुत विषयमा यस विद्यालयमा प्राथमिक तह, तृतीय श्रेणीको १ (एक) शिक्षक दरबन्दी मिति २०८३।५।८ गते देखी रिक्त हुने हुँदा उक्त दरवन्दीमा सरुवा मार्फत पदपूर्ति गर्न बुङ्गल नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको पत्र संख्या २०८३/०८४, चलानी नं. ९०, मिति २०८३/०४/२६ को रिक्त पदमा शिक्षक पदपूर्ति सम्बन्धमा प्राप्त पत्र तथा शिक्षा नियमावली, २०५९ (दशौं संशोधन), २०८३ को नियम ९९ बमोजिमको योग्य तथा इच्छुक स्थायी प्राथमिक तह, तृतीय श्रेणीका शिक्षकहरूमध्येबाट यो सूचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिन भित्र देहाय वमोजिमका कागजात संलग्न गरि सरुवाका लागि दरखास्त आह्वान गरिएको छ।

पेस गर्नुपर्ने कागजातहरूः

१. सरुवाका लागि हस्तलिखित निवेदन।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३. आफ्नो सेवा अवधि खुलेको कागजात।
४. स्थायी/अस्थायी नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि।
५. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि।
६. हाल कार्यरत विद्यालयमा सम्बन्धित तहको पदमा पहिलो हाजिरी भएको कागजात।
७. अध्यापन तथा तलवी बिदा लिएको/नलिएको सम्बन्धित कागजात।
८. विद्यालयको सरुवा सहमति पत्र।
९. सम्बन्धित स्थानीय तहको सहमति पत्र।
१०. शिक्षा नियमावली, २०५९ (दशौ संशोधन, २०८३) बमोजिम प्राथमिकता दावी गर्ने प्रमाण/कागजात (आवश्यक भएमा)।
११. शिक्षा नियमावली, २०५९ को अनुसूची-१७ बमोजिमको फाराम।

उक्त अवधिभित्र प्राप्त निवेदनहरू शिक्षा नियमावली, २०५९ (दशौं संशोधन, २०८३ तथा प्रचलित कानुनबमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

बोधार्थः

१. श्री शिक्षा विकास तथा समन्वय एकाइ, चैनपुर बझाङ जानकारी तथा वेवसाइटमा प्रकाशनका लागि।

२. श्री शिक्षा, युवा तथा खेलकुद महाशाखा, बुङ्गल नगरपालिका जानकारी तथा वेवसाइटमा प्रकाशनका लागि ।

३. श्री बुङ्गल नगरपालिका-५, बड़ा कार्यालय जानकारीका लागि।

नोटः अनलाईनबाट आवेदन दिन चाहने उम्मेदवारहरूले सम्पूर्ण कागजातहरुको स्पष्ट स्क्यान गरि एउटै PDF फाइल बनाइ विद्यालयको आधिकारिक इमेलमा पठाउनुहुन अनुरोध छ ।

संकर नाथ

प्रधानाध्यापक

शंकर नाथ

प्रधानाध्यापक